# आवासीय बालगृहको सामाजिक परीक्षण मार्गदर्शन
# २०७३

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक

ललितपुर

# आवासीय बालगृहको सामाजिक परीक्षण मार्गदर्शन- २०७३

**परिचय**

कानून बमोजिम सञ्चालनमा रहेका आवासीय बालगृहहरुले हरेक आर्थिक वर्षमा आर्थिक तथा भौतिक प्रगति लगायतका क्रियाकलाप सार्वजनिक गरी बालगृह तथा समाजलाई बालगृहमा रहेका बालबालिकाको हक हितप्रति बढी जिम्मेवार र जवाफदेही बनाउने उद्देश्यले हरेक बालगृहलाई सामाजिक परीक्षणको विधि तथा प्रक्रिया अवलम्बन गर्न गराउन "आवासीय बालगृहको सामाजिक परीक्षण मार्गदर्शन- २०७३" बनाईएको छ ।

## परिच्छेद -१

## संक्षिप्त नाम, परिभाषा र उद्देश्य

१. संक्षिप्त नाम : यो मार्गदर्शनको नाम "आवासीय बालगृहको सामाजिक परीक्षण मार्गदर्शन-२०७३" रहेको छ ।

२. परिभाषा :

क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०४८ लाई सम्झनु पर्दछ ।

ख) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०५१ लाई सम्झनु पर्दछ ।

ग) "मापदण्ड" भन्नाले आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०६९ लाई सम्झनु पर्दछ ।

घ) "स्थानीय निकाय" भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला विकास समितिलाई सम्झनु पर्दछ

ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्झनु पर्छ ।

च) "विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनु पर्छ ।

छ) "विकास साझेदार" भन्नाले बालगृहसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकाय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ ।

३. उद्देश्य: यो मार्गदर्शनको उद्देश्य आवासीय बालगृहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भए गरेको प्रयास तथा कार्य सम्पादनको पारदर्शी लेखाजोखा गर्ने प्रक्रियालाई सरलीकृत, स्पष्ट र व्यवस्थित गरी सामाजिक लेखा परीक्षणमा एक रुपता कायम गर्न संस्थागत सहयोग गर्ने रहेको छ ।

## परिच्छेद -२

## सामाजिक परीक्षण सम्बन्धी व्यवस्था तथा विधि

४. आवासीय बालगृहले एक आर्थिक वर्षमा सम्पादन गरेका क्रियाकलाप र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै विद्यमान ऐन, नियम तथा मापदण्ड र नीतिले तोकेको दायित्व लगायत सञ्चालित क्रियाकलाप, उपलब्धि र जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ । सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ । यसमा उक्त आर्थिक वर्ष भित्र नेपाल सरकारका विभिन्न निकाय, मन्त्रालय, विभागबाट गरिएको अनुगमन तथा प्राप्त सुझाव र सोको कार्यान्वयन अवस्था लगायतको अभिलेख सहितको प्रतिवेदन सार्वजनिकीकरण गरी सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ ।

५. सामाजिक परीक्षण सञ्चालन विधि

५.१ सामाजिक परीक्षण देहाय बमोजिमको सम्बन्धित सरोकारवालाको उपस्थितिमा गर्नु पर्दछ । साथै बालगृहका सञ्चालकहरु अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

(क) स्थानीय निकायको प्रतिनिधि (अनिवार्य) ।

(ख) स्थानीय प्रहरी चौकी वा कार्यालयको प्रतिनिधि (अनिवार्य) ।

(ग) बालबालिकाले अध्ययन गर्ने विद्यालयको प्रधानाध्यापक वा निजले खटाएको अन्य शिक्षक प्रतिनिधि (अनिवार्य) ।

(घ) जिल्ला बालकल्याण समितिको प्रतिनिधि (आमन्त्रित) ।

(ङ) समाज कल्याण परिषद्को प्रतिनिधि (आमन्त्रित) ।

(च) गाउँ तथा नगर बाल संरक्षण समिति, स्थानीय क्लब, आमा समूह, बाल क्लब, बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधि (आमन्त्रित) ।

(छ) सञ्चारकर्मी (आमन्त्रित) ।

(ज) स्थानीय तहका विभिन्न राजनीतिक दलका प्रतिनिधि (आमन्त्रित) ।

(झ) बालअधिकारको क्षेत्रमा कार्यरत व्यक्तित्व तथा स्थानीय समाजसेवी (आमन्त्रित) ।

(ञ) बालगृहलाई नगद वा जिन्सी सहयोग गर्ने सहयोगी संस्था, विकासका साझेदार संस्था वा व्यक्तिहरु (आमन्त्रित) ।

५.२ यसरी सामाजिक परीक्षण गर्दा माथि उल्लेख भए बमोजिमका सम्बन्धित सरोकारवालाको अतिरिक्त बालगृहमा नै रहेका तथा समुदायका बालबालिकाका प्रतिनिधि, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदिलाई समयमै जानकारी गराई निमन्त्रणा गर्नु पर्नेछ ।

५.३ सामाजिक परीक्षण कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका अनिवार्य रुपमा राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना, सम्पर्क टेलिफोन नम्बर तथा

प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ । साथै उपस्थित सबैजनाको हस्ताक्षर गर्नु पर्नेछ ।

५.४ सामाजिक परीक्षण कार्यक्रमको प्रारम्भमा सहभागीहरुलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र बालसंवेदनशीलता सम्बन्धी आचार संहिताबारे जानकारी दिनु पर्नेछ ।

५.५ सामाजिक परीक्षण गर्दा संस्थाको गत वर्षको आम्दानी खर्च विवरण, सञ्चालित मुख्य क्रियाकलाप तथा प्राप्त सहयोगको विवरण, बालबालिकाको विवरण, नयाँ भर्ना भएका बालबालिका तथा पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको भए सोको जानकारी लगायतको उपलब्धि तथा चुनौती र समाधानको उपायहरु सहितको विवरण प्रस्तुत गर्नुपर्नेछ ।

५.६ विवरण प्रस्तुत भएपछि सो बारे उपस्थित सहभागीहरुलाई सुझाव दिन तथा विचार राख्न मौका दिनु पर्नेछ । साथै सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई टिपोट गरी राख्नु पर्नेछ । प्राप्त सुझाव तथा उठेका कुराहरुको आधिकारिक व्यक्तिले जवाफ दिई सबैकुराको अभिलेख राख्नु पर्दछ ।

५.७ प्रस्तुत प्रगति विवरण तथा सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको सार संक्षेप समेतको आधारमा सामाजिक परीक्षण प्रतिवेदन तयार गरी संस्थाको कार्यसमितिले प्रमाणित गर्नु पर्दछ ।

## परिच्छेद -३

## प्रतिवेदन कार्यान्वयन

### ६. प्रतिवेदन पेश गर्नुपर्ने

सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धित सरोकारवाला निकायमा पेश गर्नु पर्नेछ । विशेषत: बालगृह दर्ता नवीकरण तथा सञ्चालन अनुमति एवम् नवीकरण प्रयोजनका लागि जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समितिमा अनिवार्य पेश गर्नु पर्नेछ ।

### ७. सामाजिक परीक्षण प्रतिवेदन तथा सुझावको कार्यान्वयन

सामजिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न तथा सुझावहरुको कार्यान्वयनका लागि बालगृहले प्रतिवद्धता एवम् आवश्यक नीतिगत निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।